म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १५१ २०८३ वैशाख ११ गते शुक्रबार 24 April 2026, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इग्ङ्लस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इग्ङिलस बोर्डिङ स्कुल**

**हेटौंडा-४, चिसापानी**

**०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३**

# बागमतीमा ७०१ दरबन्दी कटौती गर्न सिफारिस

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारको कार्यसम्पादनलाई चुस्त बनाउन गठित उच्चस्तरीय समितिले अनावश्यक कर्मचारी भार कटौती गर्न सिफारिस गरेको छ । समितिले ७०१ कर्मचारी दरवन्दी कटौती गर्दै प्रदेशको नयाँ दरबन्दी संरचना (तेरिज) प्रस्ताव गरेको हो ।

समितिले मन्त्रालयको संख्या घटाउनुका साथै साविकका निकायहरुमा रहेका कतिपय अनावश्यक पदहरु खारेज गरी 'स्लिम बट इफेक्टिभ' प्रशासनको खाका तयार गरेको हो । पूर्वसचिव विमल वाग्ले संयोजक रहेको प्रदेश प्रशासनिक पुनर्संरचना अध्ययन तथा सुझाव समितिको प्रतिवेदन अनुसार प्रदेशमा कायम रहेको ५ हजार १३८ दरबन्दीमा ७०१ कटौंती गरी ४ हजार ४३७ कायम गर्न सिफारिस गरेको हो ।

नयाँ दरबन्दी तेरिज लागु हुँदा प्रदेश सरकारले तल्लो तहका (श्रेणीविहीन र सहयोगी) कर्मचारी घटाएर माथिल्लो तहका प्राविधिक र विज्ञ कर्मचारीको अनुपात बढाउने सरकारलाई समितिले सिफारिस गरेको छ । उक्त कार्यबाट वार्षिक करिब ४९ करोड रुपैयाँ प्रशासनिक खर्च जोगिने र सेवा प्रवाहमा दोहोरोपन अन्त्य हुने समितिको निश्कर्ष छ ।

समितिले कुल दरबन्दीमा १३.६४ प्रतिशतले कटौती गर्न सिफारिस गरे अनुसार प्रदेशमा विशेषगरी कार्यालय सहयोगी, हलुका सवारी चालक र श्रेणीविहीन पदहरुमा ठूलो संख्यामा कटौती हुनेछ । जसले तत्काल वार्षिक ४८ करोड ५६ लाख रुपैयाँ बचत हुने मुल्यांकन गरिएको छ ।

समितिले प्रदेश नीति तथा योजना आयोग, सञ्चार रजिस्ट्रार कार्यालय, दुग्ध विकास बोर्डसहित ५ वटा निर्देशनालयहरु खारेजीका लागि प्रस्ताव गरेको छ भने २ वटा निर्देशनालयलाई गाभेर कार्य संचालन गर्न सिफारिस गरेको छ । समितिले कृषि र पशुपन्छी निर्देशनालय गाभ्न, र शिक्षा विकास निर्देशनालय कायम राख्न सिफारिस गरेको छ । यातायात पूर्वाधार, स्वास्थ्य, उद्योग वाणिज्य, वन निर्देशनालय खारेज गर्न सिफारिस गरेको छ ।

**प्रस्तावित नयाँ दरबन्दी तेरिज**

| क्र.सं. | मन्त्रालयको नाम | प्रस्तावित कुल दरबन्दी | मुख्य पदहरु |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६२ | प्रमुख सचिव (१), सचिव (३), अधिकृत (१६), सहायक (१४), अन्य (२८) |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४२ | सचिव (१), अधिकृत (१५), सहायक (७), अन्य (१९) |
| ३ | उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय | ६७ | सचिव (१), इन्जिनियर/अधिकृत (२२), सहायक (१९), अन्य (२५) |
| ४ | कृषि, पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ६१ | सचिव (१), प्राविधिक अधिकृत (१८), सहायक (२४), अन्य (१८) |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३० | सचिव (१), सिडिइ (२), इन्जिनियर (५), अधिकृत (४), अन्य (१८) |
| ६ | वन तथा वातावरण मन्त्रालय | ४५ | सचिव (१), वन अधिकृत (६), वातावरण निरीक्षक (२), अन्य (३६) |
| ८ | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ६५ | सचिव (१), स्वास्थ्य प्रशासक (४), अधिकृत (२२), अन्य (३८) |
| | मन्त्रालय स्तरको जम्मा दरबन्दी | ४१३ | |
| | मन्त्रालय मातहतका मुख्य निर्देशनालय र केन्द्रहरु | | |
| क्र.सं. | निकायको नाम | प्रस्तावित दरबन्दी | कैफियत |
| १ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २१ | चार्टर्ड एकाउन्टेन्टको पद थपिएको |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ४५ | हेटौंडा |
| ३ | सहकारी, कृषि तथा पशु विकास तालिम केन्द्र | २८ | एकीकृत तालिम केन्द्र |
| ४ | प्रदेश किताबखाना | यथावत | साविककै संरचना रहने |
| | जिल्ला तथा डिभिजन तहका कार्यालयहरु (प्रस्तावित नयाँ संरचना)<br>कार्यालयहरुलाई गाभेर डिभिजन वा एकीकृत कार्यालय बनाउन प्रस्ताव | | |
| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित दरबन्दी | कैफियत |
| १ | स्वास्थ्य डिभिजन कार्यालयहरु (५ वटा) | कुल १२५ दरबन्दी (प्रति कार्यालय २५ जना) । | साविकका १३ जिल्लाका जनस्वास्थ्य कार्यालय खारेज गरी ५ क्लस्टरमा सीमित गरिएको । |
| २ | कृषि तथा पशुपन्छी डिभिजन कार्यालयहरु (५ वटा) | कुल १५४ दरबन्दी | (विभिन्न जिल्ला क्लस्टर हेर्ने गरी) । |
| ३ | सहरी तथा स्थानीय विकास कार्यालयहरु (१३ वटा) | कुल ३२५ दरबन्दी (प्रति जिल्ला २५ जना) । | सिँचाइ, खानेपानी र सहरी विकास यसैमा गाभिएको । |
| ४ | उद्योग, वाणिज्य, पर्यटन तथा उपभोक्ता हित संरक्षण कार्यालय (१३ वटा) | ७ देखि २१ सम्म को दरवन्दी जिल्लाको कार्यबोझ अनुसार फरक-फरक | साविकका घरेलु कार्यालयहरुलाई नयाँ कार्यभारसहित निरन्तरता दिइएको । |
| ५ | भौतिक पूर्वाधार विकास डिभिजन (५ वटा) | १४३ जना | साविकका ११ कार्यालयलाई ५ वटा ठूला डिभिजनमा पुनर्संरचना गरिएको । |
| | आयुर्वेद अस्पताल (२५ शैया) २ वटा | प्रति अस्पताल १९ जनाका दरले ३८ जना | चितवन र नुवाकोट |
| | आयुर्वेद अस्पताल (१६ शैया) १ वटा | प्रति अस्पताल १२ जनाका दरले (१२ जना) | काठमाडौं |
| | एकीकृत आयुर्वेद अस्पताल ७ वटा | ९ देखि ११ सम्म जना प्रति अस्पताल (७१ जना) | अन्य जिल्लाहरुमा |
| | प्रादेशिक अस्पतालहरु गरिने | यथावत | एमएसएस अनुसार पुनरावलोकन |
| | कृषि तथा पशुपन्छी डिभिजन (५ वटा) | १५४ क्लस्टर अनुसार | (३०(३४ जना प्रति कार्यालय) |
| | वन तथा वातावरण डिभिजन १३ वटा | यथावत | वातावरण इन्जिनियरको पद थपसहित |
| | प्रदेश युवा तथा खेलकुद विकास परिषद् | १३ जना | (युवा र खेलकुद परिषद् गाभिएर बनेको) |
| | संवैधानिक र अन्य निकायहरु | | |
| क्र.सं. | निकायको नाम | दरबन्दीको अवस्थत | कैफियत |
| १ | प्रदेश सभा सचिवालय | यथावत (साविक बमोजिम) | |
| २ | प्रदेश लोक सेवा आयोग | यथावत (साविक बमोजिम) | |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | यथावत (साविक बमोजिम) | |

### बागमतीमा नीति तथा योजना आयोग खारेज गर्न सिफारिस

# 'उच्चस्तरीय नीति तथा योजना समिति'को प्रस्ताव

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश नीति तथा योजना आयोगको कार्यशैली र प्रभावकारितामा प्रश्न उठाउँदै खारेज गर्न सिफारिस गरिएको छ । बागमती प्रदेशको प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले आयोगको कामकारवाही प्रतिफलयोग्य नरहेको ठहरसहित खारेज गर्न सरकारलाई सिफारिस गरेको हो ।




प्रदेश सरकारको थिंक ट्यांक मानिने प्रदेश नीति तथा योजना आयोगको औचित्य पुष्टि हुन नसकेको पूर्वसचिव विमल वाग्ले नेतृत्वको अध्ययन समितिको ठहर छ भने उक्त संरचना खारेज गर्न सरकारलाई सुझाव दिएको छ । पूर्वसचिव वाग्ले संयोजकत्वको समितिले बुझाएको प्रतिवेदनमा आयोगले अपेक्षित परिणाम दिन नसकेको र संरचना सार्वजनिक खर्च बढाउने काम मात्र गरिरहेको निष्कर्ष दिएको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/०८३ को कुल बजेटमा नीति तथा योजना आयोगको हिस्सा मात्र ०.०६ प्रतिशत (४ करोड ३८ लाख २४ हजार रुपैयाँ) रहेको छ । यसले आयोगको भूमिका सरकारी प्राथमिकतामा निकै कमजोर रहेको देखाएको प्रतिवेदनमा भनिएको छ ।

आयोगले गर्ने अधिकांश कामहरु मन्त्रालयहरुले आफैं गरिरहेका छन् भने योजना छनोट र अनुगमनमा आयोगको उपस्थिति कर्मकाण्डी मात्र देखिएको आयोगको प्रतिवेदनमा भनिएको छ । मन्त्रालयहरुले आफ्ना योजना आफैं बनाउने र कार्यान्वयन गर्ने हुँदा आयोगको भूमिका केवल समन्वयमा सीमित भएको र उक्त कार्य जुन काम मुख्यमन्त्री कार्यालयबाटै हुन सक्ने भएकाले खारेज गर्न समितिले सिफारिस गरेको हो । प्रदेशका ठूला आयोजनाहरुको प्रभावकारी अनुगमन र मूल्यांकन गर्न आयोग असफल देखिएको र ठूलो प्रशासनिक संरचना तथा खर्चको तुलनामा आयोगबाट प्राप्त हुने रणनीतिक परामर्श र प्रतिफल न्यून रहेको समितिको ठहर छ ।

समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको आयोग खारेज गरेर उच्चस्तरीय राजनीतिक नीति आयोग खडा गर्न सिफारिस गरेको छ । आयोग खारेज गरेपछि योजना र नीतिको काम रोकिन नदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी संरचना प्रस्ताव गरेको छ ।

उक्त उच्चस्तरीय नीति तथा योजना समितिमा मुख्यमन्त्रीको अध्यक्षता रहने छ भने ५ सदस्यीय रहने व्यवस्था गर्न सिफारिस गरेको छ । सो समितिमा आर्थिक मामिला तथा योजना मन्त्री र प्रमुख सचिव सदस्य रहनेछन् भने सरकारले नियुक्त गरेका एक महिलासहित दुई जना विज्ञ सदस्य रहनेछन् । मुख्यमन्त्री कार्यालयका योजना हेर्ने सचिवले सदस्य-सचिवको रुपमा काम गर्नेगरी उक्त समिति गठन गर्न सिफारिस गरिएको छ ।

प्रस्तावित समितिले परियोजना बैंक, नीति प्रयोगशाला, बजेट सीमा निर्धारण, अनुगमन र मूल्यांकन गर्ने कार्यभार गर्न सक्ने समितिको सिफारिसमा रहेको छ । प्रदेशका योजनाहरुलाई व्यवस्थित गर्न परियोजना बैंक स्थापना गर्ने, तथ्यमा आधारित नीति निर्माणका लागि पोलिसी ल्याब सञ्चालन गर्ने, आयोजनाहरुको कार्यसम्पादनमा आधारित सूचक निर्माण गरी अनुगमन गर्ने, वार्षिक विकास कार्यक्रमको लक्ष्य र प्राथमिकता तोक्ने लगायतको काम गरेर सरकारलाई रिजल्ट ओरिएण्टेड बनाउन भूमिका खेल्ने कमा समितिले गर्न सक्नेछ ।

समितिको प्रतिवेदन अनुसार उच्चस्तरीय नीति तथा योजना समितिको गठन भई कार्यान्वयन भएमा बागमती प्रदेशमा योजना आयोगको ठाउँमा मुख्यमन्त्रीले सिधै विज्ञहरुबाट परामर्श लिने प्रणालीको विकास हुनेछ । सो पश्चात एकातिर प्रशासनिक खर्च घटाउनेछ भने अर्कोतिर योजना तर्जुमा प्रक्रियालाई मुख्यमन्त्रीको प्रत्यक्ष रेखदेखमा ल्याएर थप जिम्मेवार बनाउन सकिने समितिको प्रतिवेदनमा समेटिएको छ ।

# बढ्दै गर्मीको पारो, तराईमा तातो लहरको चेतावनी

काठमाडौं : केही दिनतया तराई मधेशका जिल्लामा बढेको गर्मीले जनजीवन प्रभावित भएको छ । आज पनि तराईका जिल्लामा तातो दिन कायम रहने र केही जिल्लामा तातो हावाको लहर चल्ने पूर्वानुमान छ ।

विभागका अनुसार आज कर्णाली प्रदेशबाहेक ६ वटै प्रदेशका तराई तथा उपत्यकाका खोँचहरुमा तातो दिन हुने प्रक्षेपण छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा भने तातो लहरको पनि सम्भावना रहेको विभागले आज बिहान जारी गरेको मौसमी बुलेटिनमा उल्लेख छ । जल तथा मौसम विज्ञान विभागले तातो लहरले स्वास्थ्यमा असर पर्ने भएकाले घामबाट जोगिन र अत्यावश्यक नपरी घर बाहिर ननिस्किन सुझाव दिएको छ ।

विभागले आज बिहान १९ स्थानका अधिकतम र न्यूनतम तापक्रमको पूर्वानुमान सार्वजनिक गरेको छ । त्यसमध्ये ५ स्थानको अधिकतम तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्ने अनुमान छ ।

बाँकेको नेपालगञ्ज र रुपन्देहीको भैरहवाको तापक्रम भने ४० डिग्री सेल्सियस नाघ्नसक्ने अनुमान छ । आज दिउँसो भैरहवाको अधिकतम तापक्रम ४०-४२ को बीच रहने अनुमान विभागको छ । यसैगरी नेपालगञ्जको अधिकतम तापक्रम ३९ देखि ४१ को बीचमा रहने अनुमान गरिएको छ ।

धनुषाको जनकपुर, डोटीको दिपायल र कैलालीको धनगढीमा आज दिउँसो अधिकतम तापक्रम ३८ देखि ४० डिग्री सेल्सियस रहने पूर्वानुमान छ । *(स्रोत: अनलाईनखबर)*

# एसईईको उत्तरपुस्तिका परीक्षण सकियो

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लाबाट एसईईको उत्तरपुस्तिका परीक्षण गरेर केन्द्रमा पठाइएको छ । गत चैत ३० गते नै शिक्षा विकास तथा समन्वय इकाईले राष्ट्रिय परीक्षा बोर्डलाई एसईईको उत्तरपुस्तिका परीक्षण गरेर विद्यार्थीको प्राप्ताङ्क पठाएको जनाएको छ ।

एसईईमा मकवानपुरमा २८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो । २८ वटै परीक्षा केन्द्रमा परीक्षा सुरु भएकै दिनदेखि उत्तर पुस्तिका परीक्षण गरेर विद्यार्थीको प्राप्ताङ्क पठाइएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो । चैत १९ गतेबाट सुरु भएको एसईईमा साधारणतर्फको परीक्षा चैत २६ गते सकिएको थियो भने प्राविधिक धारको परीक्षा चैत २९ गते सकिएको थियो ।

मकवानपुर जिल्लाबाट नियमित र ग्रेडवृद्धि गरी ६ हजार ६ सय भन्दा बढी विद्यार्थी सहभागी भएका छन् ।

एसईईको नतीजा बैशाख महिनाभित्रै सार्वजनिक गर्ने सरकारको लक्ष्य छ । मकवानपुर जिल्लामा ३७ वटा संस्थागत विद्यालय र १ सय ५ वटा सामुदायिक विद्यालयबाट एसईईमा विद्यार्थी सहभागी भएका थिए ।




# हेटौंडा अस्पतालबाट चैतमा ३१ हजार बढीलाई सेवा

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालले चैत महिनामा ३१ हजारभन्दा बढी बिरामीलाई सेवा दिएको छ । चैत महिनामा बहिरंग (ओपीडी) मार्फत ३१ हजार ४ सय ६ जना बिरामीले स्वास्थ्य सेवा लिएका हुन् ।

हेटौंडा अस्पतालबाट स्वास्थ्य सेवा लिने अधिकांशले स्वास्थ्य बिमा सुविधाबाट सेवा लिएका छन् । चैत महिनामा ओपीडी सेवा लिएका २९ हजार १ सय ८३ जनाले स्वास्थ्य बिमामार्फत सेवा प्राप्त गरेको हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका प्रवक्ता उत्सवराज चौलागाईंले जानकारी दिनुभयो ।

अस्पतालले चैत महिनामा १ हजार १ सय १८ जना बिरामीलाई अन्तरंग (भर्ना तथा वार्ड) सेवा प्रदान गरेको छ । यस्तै, ५ हजार १ सय ४३ जनाले एमर्जेन्सी सेवा लिएका छन् । अस्पतालको ल्याब सेवा ९ हजार ७ सय १७ नाले प्राप्त गर्दा एक्सरे सेवा ६ हजार ८ सय ७३ जनाले प्राप्त गरेको अस्पतालले जनाएको छ । भिडियो एक्सरे सेवा ३ हजार ७ सय ५५ जनाले प्राप्त गरेका छन् । यस्तै, अस्पतालमा एमआरआई सेवा १ सय ७२ जनाले प्राप्त गरेका छन् । अस्पतालमा हाल १ सय ५ जनाले हेमोडायलाइसिस सेवा प्राप्त गरिरहेको समेत प्रवक्ता चौलागाईंले जानकारी दिनुभयो । चैत महिनामा अस्पतालको आईसीयुमा १ सय १५ जना भर्ना भई सेवा प्राप्त गरेका थिए । यस अवधिमा अस्पतालमा जटिल शल्यक्रिया १ सय २६ बिरामीको र सामान्य शल्यक्रिया सेवा १ सय २३ जनाले प्राप्त गरेका थिए । यस्तै, अस्पतालबाट एक महिनामा १ सय ३६ जना महिलाहरुले सामान्य प्रसुति र ६१ जनाले शल्यक्रियामार्फत प्रसुति सेवा प्राप्त गरेको चौलागाईंले बताउनुभयो । अस्पतालले यस अवधिमा २७ जनालाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको छ भने अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत ३० जना पीडितले उपचार सेवा प्राप्त गरेको अस्पतालले जनाएको छ ।

## सम्पादकीय

# बागमतीमा मन्त्रालय घट्दै

बागमती प्रदेशमा रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटा बनाइने सम्भावना बढेको छ । प्रदेशको प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएपछि मन्त्रालय घटाउने तयारीमा सरकार लागेको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारको नेतृत्व लिएलगत्तै पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति गठन गरेका थिए । उक्त समितिले प्रदेशमा मन्त्रालयको संख्यामात्र बढेको तर कार्यसम्पादनमा प्रभावकारिता नदेखिएकोले व्यापक पुनर्संरचनाको आवश्यकता औँल्याएको हो । मन्त्रालयसँगै केही निर्देशनालय, आयोगका साथै कर्मचारी दरबन्दीसमेत कटौती गर्ने तयारी भइरहेको छ ।

सुरुवातमा ७ वटामात्र मन्त्रालय रहेको बागमती प्रदेशमा सत्ता गठबन्धन र राजनीतिक भागबण्डाका कारण पटक-पटक मन्त्रालयको संख्या बढाएर १४ सम्म पुऱ्याइएको हो । प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतसम्मको मन्त्रिमण्डल बनाउन सक्ने संवैधानिक व्यवस्थाका कारण प्रदेशमा मन्त्रालयको संख्या बढ्दै गएको छ । सत्ता गठबन्धनका दलहरुबिच शक्ति सन्तुलन मिलाउनकै लागि मन्त्रालय फुटाउने परिपाटी हावी भएको पाइन्छ । प्रशासनिक आवश्यकता र कार्यबोझ भन्दा पनि अन्तर/आन्तरिक दलीय सन्तुलन मिलाउन मन्त्रालय विस्तार गरिएको समितिले पनि ठहर गरेको छ । मन्त्रालय र अन्य सरकारी निकायको संख्या धेरै बनाउँदा कार्यसम्पादन प्रभावकारी हुनुको साटो प्रशासनिक खर्चमात्र बढाएको हुँदा कार्यप्रकृति मिल्ने मन्त्रालयहरुलाई गाभेर नयाँ ८ मन्त्रालयको खाका समितिले तयार पारेको छ ।


समितिले प्रदेश सरकारलाई बुझाएको अध्ययन प्रतिवेदनमा मुख्यमन्त्री कार्यालयसहित ८ मन्त्रालय बनाउन सिफारिस गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय, कृषि, पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय बनाउन समितिले सुझाव दिएको छ । यस्तै, वन तथा वातावरण मन्त्रालय, सहरी तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बनाउन सुझाइएको छ । यसका साथै प्रदेश नीति तथा योजना आयोग खारेज गर्न पनि समितिले सिफारिस गरेको छ । सञ्चार रजिष्ट्रारको कार्यालय, दुग्ध विकास बोर्डजस्ता निकाय पनि खारेज गर्नुपर्ने समितिको सुझाव छ । प्रदेशको कृषि निर्देशनालय र पशुपन्छी विकास निर्देशनालयलाई एकीकृत गरेर एउटा बनाइने भएको छ । शिक्षा विकास निर्देशनालयलाई कायम राखेर यातायात पूर्वाधार निर्देशनालय, स्वास्थ्य निर्देशनालय, वन निर्देशनालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने तयारी छ । प्रशासनिक निकायसँगै ७०१ कर्मचारी दरबन्दीसमेत कटौती गर्न समितिले सिफारिस गरेको छ ।

सेवाप्रवाहमा प्रभावकारी बन्न नसकेको प्रदेश संरचना खर्चिलो बन्दै गएको भनेर आलोचना हुने गरेको छ । प्रदेश सरकारले प्रभावकारी काम गर्न नसक्दा यसको औचित्यमाथि समेत प्रश्न उठिरहेको पाइन्छ । अहिले संघीय सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनाताका प्रदेश संरचना खारेजीको पक्षमा थियो भने राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि प्रदेश खारेज गर्नुपर्ने आवाज उठाउने गरेको छ । विगतमा प्रदेश संरचनाको विपक्षमा रहेको पार्टीले प्रतिनिधिसभामा झण्डै दुई तिहाइ सिट जितेको अवस्थामा संविधान संशोधन भयो भने प्रदेश संरचनाको बारेमा कस्तो निर्णय आउला भन्ने आम चासो पनि उत्तिकै छ । अहिलेको अवस्थामा खर्चिलो बन्दै गएको प्रदेशमा मन्त्रालय र अनावश्यक कार्यालय घटाएर मितव्ययी बनाउन खोज्नुलाई सकारात्मक मान्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : महत्वपूर्णकामा समय र लगानी गरिएला । |
| **वृष** | : सामाजिक दायित्व बढ्ने समय योग देखिन्छ । |
| **मिथुन** | : पद प्रतिष्ठाका काममा मन जाने समय छ । |
| **कर्कट** | : व्यापार–व्यवसायका काममा मन जाने छ । |
| **सिंह** | : आकस्मिक भौतिक उपकरण हात पर्ने समय छ । |
| **कन्या** | : प्रतिष्ठाका काममा वृद्धि हुने समय छ । |
| **तुला** | : ज्ञान र प्रज्ञा बढाउने समय योग छ । |
| **वृश्चिक** | : खर्च बढेपनि सही काममा हुने योग छ । |
| **धनु** | : प्रयास र मिहिनेतले लाभ प्राप्त हुने समय छ । |
| **मकर** | : दौडधूप र परिश्रममूलक काममा खटिने समय छ । |
| **कुम्भ** | : हरेक काम व्यवहारिक र लचिलो बनाउँदा राम्रो रहन्छ । |
| **मीन** | : परिबन्ध र बाध्यताका काममा लागि परिएला । |

# शिक्षामा लगानी अपरिहार्य: सामाजिक रूपान्तरणको आधार

**सन्दर्भ : शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह-२०२६**



प्रकाश खतिवडा

'शिक्षामा पर्याप्त लगानीका लागि अभियानको ज्योति बालिराखौं' भन्ने नाराका साथ विश्वभरीनै शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह सुरु भएको छ । नेपालमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले यसलाई नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यो कार्यसप्ताह हरेक वर्ष विश्वभर शिक्षा अधिकारका पक्षधरहरू सहकार्य गर्दै एक स्वरमा बुलन्द गरी उठाइने नागरिक आवाज हो । यस अभियानलाई विश्व नागरिक समाज सञ्जाल 'ग्लोबल क्याम्पेन फर एजुकेशन'ले समन्वय गर्दै आएको छ । शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह-२०२६ ले अघि सारेको सन्देशले शिक्षामा पर्याप्त, दिगो र न्यायोचित लगानीको आवश्यकताको औचित्य पुष्टि गरेको छ ।

शिक्षा मानव जीवन रूपान्तरण गर्ने सबैभन्दा प्रभावकारी माध्यम हो । यसको माध्यमले व्यक्तिलाई ज्ञान, सीप र चेतनाले सशक्त बनाउँदै राष्ट्रलाई समतामूलक, न्यायपूर्ण र समृद्ध भविष्यतर्फ डोऱ्याउने कार्य समेत गर्दछ । तसर्थ दीर्घकालीन सामाजिक र आर्थिक विकासको आधार तय गर्न शिक्षामा लगानी अपरिहार्य छ । शिक्षामा गरिएको लगानीले स्वास्थ्य, रोजगारी, लैंगिक समानता, सामाजिक न्याय र लोकतान्त्रिक संस्कार लाई मजबुत बनाउने भएकोले नै शिक्षामा लगानीलाई विश्वव्यापी बहसको केन्द्रमा ल्याइएको हो ।

नेपालको सन्दर्भमा हेर्दा संविधानले शिक्षा मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको भएपनि व्यवहारमा अझै धेरै चुनौतिहरू देखिएका छन् । अपर्याप्त बजेट, स्रोतको असमान वितरण, कमजोर पूर्वाधार, प्रशिक्षित शिक्षकको अभाव, प्रविधिमा सीमित पहुँच र समावेशी वातावरणको कमी विशेषगरी दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका विद्यार्थी र विपन्न परिवारका बालबालिकाले गुणस्तरीय शिक्षामा समान पहुँच पाउन कठिनाइ भोगिरहेका छन् । संघीय संरचनासँगै प्रदेश र स्थानीय तहलाई शिक्षा व्यवस्थापनको जिम्मेवारी दिइए पनि वित्तीय क्षमता र प्राथमिकतामा असमानता देखिएको छ ।

यिनै यथार्थका बीच 'शिक्षामा पर्याप्त लगानीका लागि अभियानको ज्योति बालिराखौं' भन्ने नारा नेपालका लागि अत्यन्त सान्दर्भिक बनेको छ । शिक्षामा पर्याप्त लगानीका लागि अभियानको ज्योति बालिराखौं भन्ने नाराको भावार्थ शिक्षाको ज्योति निभ्न नदिनु भन्ने हो । यसको अर्थ राज्यले शिक्षामा बजेट वृद्धि गर्नु, लक्षित समुदायमा प्राथमिकता दिनु र दिगो वित्तीय संरचना निर्माण गर्नु भन्ने हो । समाजले शिक्षालाई अधिकार र दायित्व दुवैका रूपमा स्वीकार गर्दै सहभागिता र निगरानी बढाउनु पर्ने दायित्व रहेको छ । अभियन्ताहरूले शिक्षा अधिकारको आवाज निरन्तर रुपमा उठाइराख्नु पर्दछ ।

नेपालको संविधानले प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । तर कागजमा लेखिएको अधिकार व्यवहारमा पूर्ण रूपमा स्थापित हुन अझै धेरै कार्यको अपेक्षा गरिएको छ । यही यथार्थबीच शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई) ले 'शिक्षामा पर्याप्त लगानी : अभियानको ज्योति बालिराखौं' भन्ने मूल नारासहित विश्वव्यापी कार्यसप्ताह मनाउँदै ६ बुँदे माग सार्वजनिक गरेको हो ।

संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार बाँडफाँडले शिक्षा व्यवस्थापनलाई नजिक पुऱ्याएको छ, तर स्रोत अभावले नीतिगत आकांक्षा कार्यान्वयनमा कमजोर बनेको छ । विद्यालयका भवनहरु जीर्ण छन्, प्रयोगशाला र पुस्तकालय न्यून छन्, डिजिटल पूर्वाधार असमान छ, शिक्षक दरबन्दी र तालिम अपर्याप्त छ । यी सबै समस्या शिक्षामा लगानी अपर्याप्त भएर नै हो । शिक्षामा लगानी बढाउनु भनेको केवल कक्षाकोठा बनाउनु मात्र नभई बालबालिकाको भविष्य निर्धारणसँग सम्बन्धित रहेको छ । राज्यले सार्वजनिक शिक्षामा बलियो लगानी गरेको आधारमा मात्र निजी र सार्वजनिकबीचको खाडल घट्दै गुणस्तरको आधार उकासिन्छ । तबमात्र गरीब, दलित, अपाङ्गता भएका, दुर्गम भूगोलमा बस्ने र भाषिक र साँस्कृतिक रूपमा सीमान्तकृत समुदायका बालबालिकाले समान अवसर पाउनेछन् ।

शिक्षा बजेटमा पारदर्शिता, सहभागिता, जवाफदेहिता र न्यायपूर्ण वितरणको प्रणाली विकास गर्नुपर्ने मागले सुशासनको प्रश्न उठाउँछ । बजेट बढ्नु मात्र पर्याप्त निकास होईन । त्यसको उपयोग कसरी र कसका लागि हुन्छ भन्ने कुरा निर्णायक हुन्छ । लिंग, जाति, अपांगता, भूगोल र भाषाका आधारमा वञ्चित बालबालिकालाई प्राथमिकता दिने नीति र व्यवहारले मात्र 'कसैलाई पनि पछाडि नछोड्ने' प्रतिवद्धता सार्थक हुनेछ भन्ने हेक्का राखिनु पर्दछ । शिक्षा र सामाजिक विकृतिहरूबीच गहिरो अन्तरसम्बन्ध छ । विशेषतः बालविवाह र बालश्रम जस्ता समस्यासँग शिक्षाको प्रत्यक्ष सम्बन्ध देखिन्छ । अध्ययन, अवलोकन र विभिन्न अनुसन्धानले विधालयबाट ड्रपआउट भएका अधिकांश बालिका र किशोरीहरू बालविवाहको जोखिममा पर्ने गरेको देखाएको छ । त्यस्तै, विद्यालय छाडेका बालक र किशोरहरू बालश्रममा संलग्न भएको प्रमाणहरु प्रशस्त छन् ।

यस अर्थमा, शिक्षामा लगानी बालविवाह र बालश्रम न्यूनीकरणको रणनीतिक उपाय पनि हो । किशोरी शिक्षित भएमा विवाहको उमेर स्वतः बढ्छ, स्वास्थ्य सचेतना बढ्छ, आर्थिक आत्मनिर्भरता सम्भव हुन्छ । किशोर शिक्षित भएमा श्रम शोषणबाट जोगिन्छन्, सीप विकास हुन्छ, सम्मानजनक रोजगारीको ढोका खुल्छ । त्यसैले शिक्षा नीति र बालअधिकार नीतिबीचको समन्वय अत्यावश्यक छ भन्ने प्रमाणित भएको छ । तीनै तहका सरकारबीच समन्वय र सहकार्यको खाँचो देखिएको छ । संघले नीतिगत स्पष्टता र पर्याप्त बजेट सुनिश्चित गर्ने, प्रदेशले सन्दर्भअनुकूल कार्यक्रम र अनुगमन सुदृढ गर्ने र स्थानीय तहले विद्यालय व्यवस्थापन, समुदाय परिचालन र प्रत्यक्ष कार्यान्वयनमा नेतृत्व लिने कार्य गरिएमा मात्र शिक्षाको गुणस्तर र पहुँच दुवैमा उल्लेखनीय सुधार सम्भव हुन्छ भन्ने आम धारणा रहेको पाईन्छ ।

बजेटको प्राथमिकतामा शिक्षा अग्रस्थानमा नआएसम्म संविधानले दिएको अधिकार पूर्ण रूपमा कार्यान्वयन हुन कठिन देखिएको छ । शिक्षामा लगानी बढेमा मात्र सामाजिक न्याय, आर्थिक समृद्धि र लोकतान्त्रिक सुदृढीकरण सम्भव हुन्छ भन्ने ठम्याई नागरिक समाजको रहेको छ । अन्ततः, शिक्षामा लगानी बढाउनुको अर्थ बालविवाह घटाउने, बालश्रम न्यूनीकरण गर्ने, लैंगिक समानता प्रवर्द्धन गर्ने र समावेशी समाज निर्माण गर्ने हो ।

त्यसैले अब सार्वजनिक शिक्षा सुदृढ गरौं, निःशुल्क र अनिवार्य शिक्षा प्रभावकारी बनाऔं, र सीमान्तकृत समुदायको शिक्षाको अधिकार सुनिश्चित गरौं भन्ने आवाज स्पष्ट रुपमा उठान भएको छ । तसर्थ शिक्षाका लागि राष्ट्रिय अभियानको बागमती प्रदेशले तीनै तहका सरकार, विकास साझेदार, नागरिक समाज र सम्पूर्ण सरोकारवालाहरूलाई शिक्षामा लगानी बढाउन गरिएको आग्रह जायज देखिएको छ ।

*अध्यक्ष, शिक्षाका लागि राष्ट्रिय अभियान, बागमती प्रदेश*
*तथा बाल कल्याण समाज, मकवानपुर*

# एक पेशा–एक संगठन, ट्रेड युनियनिज्मको सम्मान !

**पेशागत संस्था निमोठ्न पाईंदैन । विद्यार्थी, शिक्षक, कर्मचारी, मजदूर, व्यवसायी, महिला, युवा यी दर्जनौं पेशासँग आबद्ध संस्थाहरू पेशागत हक, अधिकारसँग जोडिएर युनियनिज्मको मर्मलाई बोक्नुपर्छ । एक पेशा एक संगठन आजको आवाज हो । एक पेशाको एक मात्र संगठन भएमा स्वभावैले यो शक्तिशाली बन्छ र पेशागत हकहितका सवालमा सरकारसँग बार्गेनिङ गर्दा पनि सफलता हासिल गर्न सक्दछ ।**



रमेश प्रसाद लामिछाने

१. विद्यार्थीका संगठन खारेज गर्ने चर्चा सुनिन्छ । शिक्षकका पेशागत संस्थाहरु नराख्ने हल्ला बाहिर आएको छ । निजामती कर्मचारीको संगठन पनि हटाउने भनिएको छ । त्यस्तै मजदूरहरुको युनियन जरुरी छैन भनिएको छ । यी विभिन्न वर्ग र पेशासँग लक्षित संगठनहरुको औचित्यमा व्यापक प्रश्नहरु उब्जाइएका छन् । सरकारका काममा अनावश्यक हस्तक्षेप गरेका यी संस्थाहरुबाट अवरोध पुगेको आरोप लगाइएको छ । नीति, विधि मिचिएको छ भन्नेहरु पनि कम छैनन् । ऐन कानूनको धज्जी उडाइएको चर्चा छ । आफू र आफ्नो संगठनका व्यक्तिको हितका लागि नागरिकलाई सताइएको भन्ने गरिएको छ । राणाहरुको शासन र पञ्चायती शासनको कालखण्डमा राजनीतिक पार्टीहरु प्रतिबन्धित थिए । तत्कालिन शासकहरु अनि राजा र पञ्चहरुको बिरुद्धमा बोल्न पाइँदैनथ्यो । यदि कसैले उनीहरुले गरेका काम कारबाहीका बारेमा नकारात्मक टिप्पणी गरेमा दण्डित बन्नुपर्थ्यो । उनीहरुलाई रिस उठेमा ज्यानै लिन पनि पछि पर्दैनथे । मृत्यु दण्ड सुनाईन्थ्यो । जेल हाल्दथे । राजा र व्यवस्था बिरोधी आरोप लागेपछि बाँच्न कठिन हुन्थ्यो । संविधान र ऐनकानून पनि शासहकरुकै हित र स्वार्थका लागि थिए । नागरिक र जनता जस्ता शब्दहरु सुन्नै चाहँदैनथे । रैती र प्रजा भन्न रुचाउँथे । जनतालाई दास र कमारा जस्तो व्यवहार गरिन्थ्यो ।

२. पार्टीहरु प्रतिबन्धित भएकाले उनीहरुका भगिनी संगठनहरु खुल्ला देखिनका लागि प्रचलित कानून बमोजिम नै पेशागत संस्थाहरु दर्ता गरी आन्दोलनमा जानुको विकल्प थिएन । भूमिगत अवस्थामा रहेर तत्कालिन जहानियाँ र निरंकुश व्यवस्थाको अन्त्यका लागि विद्यार्थी र शिक्षकहरुको संगठन बनाइएको थियो । बाहिर व्यानरमा विद्यार्थी र शिक्षकका पेशागत मागहरु देखिए पनि अन्तर्यमा भने व्यवस्थाको अन्त्यका लागि अभियान संचालन गरिन्थ्यो । बाहिर मजदूरका माग पूरा गर भन्दै भित्री तवरमा भने राजतन्त्र समाप्तीका लागि आन्दोलन गरिन्थ्यो । यो कारणले गर्दा पेशागत संस्थाहरु सिधै राजनीतिक पार्टीहरुको केन्द्रसँग जोडिएका हुन्थे । नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेस पार्टीका जन वर्गीय संगठनहरु दर्जनौं गठन गरिए । पार्टी विभाजन हुँदा यी पेशागत संगठनहरु पनि अंशबण्डामा पर्दथे । बिस्तारै, यी पेशागत भनिएका संगठनहरु राजनीतिक पार्टी बिना बाँच्नै नसक्ने जस्ता देखिए । यी विद्यार्थी, शिक्षक, मजदूर, कर्मचारी लगायतकाको संगठनहरु शरीर जस्ता अनि राजनीतिक पार्टी चाहीं प्राण जस्ता देखिन थाले ।

३. पार्टीका प्रमुख पदाधिकारीहरु नै पेशागत आन्दोलनका अगुवा बनेर प्रत्यक्ष रुपमा आन्दोलन हाँक्ने र नेतृत्व गर्ने गर्दथे । यसले गर्दा पार्टीसँग पेशागत संगठनहरुको सम्बन्ध एक अर्कामा पूरक जस्तो देखियो । पार्टीहरुको आधार स्तम्भ नै विद्यार्थी संगठन, शिक्षक तथा मजदूरहरुको संगठन बन्न पुग्यो । यिनै कर्मचारी, शिक्षक, विद्यार्थी, मजदूर, युवा, महिला, किसान, व्यवसायी, सबै वर्ग र तहका पेशागत संगठनहरुकै ढाडमा टेकेर राजनीतिक दलहरुले राणाहरुलाई सत्ताच्यूत बनाउन र पञ्चायती शासन व्यवस्थासँगै सक्रिय राजतन्त्र समाप्त गर्न सफल भएको तथ्य इतिहासले सावित गरेको छ । दलहरु माथिको प्रतिबन्ध खुल्ला भयो । तैपनि, आन्दोलनमा दलहरुले भातृ संगठन बिना पाइलो चाल्ने आधार भेटेनन् । किनकि पार्टीको शरीर भनेकै उनीहरुको भातृ संस्थाहरु थिए । शिक्षकका, विद्यार्थीका, मजदूरका, किसानका, युवाका, महिलाका, यी दर्जनौं भगिनी संगठनहरुका अधिकांश नेतृत्व गण भनेकै पार्टीका जिम्मेवार पदाधिकारी थिए । निर्वाचनमा तिनै पेशागत नेतृत्व जो पार्टीसँग प्रत्यक्ष जोडिएका थिए । उनीहरु नै उम्मेदवार बने, बनाइए । जित्ने पनि उनीहरु नै भए ।

४. संविधान निर्माणमा पनि राजनीतिक दलहरुको प्रतिनिधि बनेर पेशागत नेतृत्व नै सहभागी बनेको हो । अनि, संविधान र ऐन, कानूनमा पेशागत हक अधिकारका सवालमा स्पष्ट व्यवस्था गरियो । विश्वव्यापी मानव अधिकारका घोषणापत्र पल्टाएर त्यहाँ उल्लेखित बुँदाहरु समावेश गरिए । ट्रेड युनियनका हक अधिकारका सवालहरु सुरक्षित गरिए । यो कुनै नौलो अभ्यास थिएन । आवरणमा पेशागत पक्षहरु देखिने र अन्तर्यमा भने दलगत अभिष्टहरु समेटिएका युनियनिज्मको पगरीले विधि, विधान र कानून, नियमहरु सुसज्जित गरिएको तथ्यमा कतै बिमति छैन । यो त्यति बेला सावित भयो जतिबेला विद्यार्थी, शिक्षक, कर्मचारी लगायतका पेशागत संस्थाहरु वर्गीय हकहितका माग बोकेर सरकार समक्ष प्रस्तुत भए । एकथरि विद्यार्थी सडकमा जुलुस गरिरहँदा अर्काथरि सरकारको बचाउमा वक्तव्यबाजी गर्नमा व्यस्त देखिए । एकखाले विद्यार्थी विश्वविद्यालयको भिसिलाई मोसो दल्न लाग्दा अर्काथरि प्रहरीलाई किन रोक्न नगएको भनेर थर्काइरहेका हुन्छन् । एउटाले अफिसमा तालाबन्दी गर्दा अर्काले प्रहरी साक्षी राखेर ताला काट्दै गर्छन् । एकथरि शिक्षकहरु सडकमा नाराबाजी गर्दा पुलिसका लाठी खाइरहँदा अर्काथरि शिक्षकहरु वार्ताको नाटक गरी मन्त्रालयका सोफामा मस्त बनेकै हो । त्यस्तै केहि कर्मचारी सडकमा पलेटी कसेर आन्दोलन गरिरहँदा अकार्थरि कर्मचारी सम्झौताका बुँदा लिएर मन्त्रीहरुसँग खाजा खाँदै हुन्थे ।

५. सरकारका भएका पार्टीका भातृ संगठनहरु सरकारको बचाउमा लाग्ने र बाहिर आउने बित्तिकै सडकमा जुलुस गर्न लागी हाल्ने संस्कार बन्यो । महिनौंसम्म विश्वविद्यालयमा ताला लाग्दा खोल्ने साहस सरकारमा भएका कसैले गरेनन् । किनकि विद्यार्थी मात्र हैनन्, प्राध्यापक र भिसि पनि त पार्टीकै ईशारा पर्खिरहन्छन् । विद्यालय बन्द गरेर राजधानीका सडकमा शिक्षकहरु महिना दिन ओर्लंदा शिक्षकका मागहरु सम्वोधन भएनन् । आन्दोलन सबै दलहरुको ईशारामा चल्न थाल्यो । पेशागत नेतृत्व नै पार्टीको केन्द्रीय कमिटीको पदाधिकारी भएकाले मागहरु पूरा गर्न भन्दा पनि दबाउने तर्फ अग्रसर देखियो । विद्यार्थीहरु विद्यार्थी मात्र भएनन् उनीहरु काँग्रेस र कम्युनिष्टका विद्यार्थी बने । त्यस्तै शिक्षकहरु, कर्मचारी, मजदूर अनि युवा, महिला, किसान, यी सबै दलहरुका भागबण्डामा परे । सही अर्थमा आफ्नो पेशाका पर्न सकेनन् । यहि कारणले पेशागत आन्दोलन कमजोर बन्यो । सरकार कहिल्यै पनि पेशागत प्रति सकारात्मक देखिएन । 'फुटाउ र शासन गर' को नीति अख्तियार गर्नमा उद्दत बनेकै हो । 'यो गलत भयो, यस्लाई सुधार गरौं' भन्नेहरु पार्टीको दृष्टिमा प्रतिपक्ष देखियो । हाम्राले त सबै मान्नै पर्छ, फरक धारणा राख्नेहरु हाम्रा होईनन् भनियो ।

६. प्राचिन कालका राजा महाराजा तथा सम्राटहरु झैं चाकडी र चाप्लुसीका मतियार मात्र हावी भए । यहि कारणले अहिले पेशागत संस्थाहरुको औचित्यमा प्रश्न उठाइएको हुनुपर्छ । अहिले पनि एकथरि हो यी सबै पेशागत संस्थाहरु खारेज हुनुपर्छ भनिरहेका छन् । अर्काथरि हाम्रा पेशागत संस्थाहरु नम्बरी हुन्, ल छोएर मात्र देखा भन्दै चुनौति दिइरहेका छन् । बीचका केहि भने एक पेशा एक संगठनको नारा दिइरहेका छन् । उता, प्रधानमन्त्रीले विश्वविद्यालयका उपकुलपतिहरुलाई विश्वस्त पार्दै विद्यार्थीका संस्थाहरु सबै खारेजका लागि आदेश जारी गरेको समाचार बाहिर आएको छ । केहि विज्ञहरुले भने पेशागत संस्थाहरु खारेजी होइन, नियमन गर्नु पर्छ भनेको पनि सुनिन्छ । खारेज गरे पनि, नियमन गरेपनि अनि एक पेशा एक संगठन, बनाए पनि मूल चुरो भनेको दलगत बन्ने कि पेशागत बन्ने भन्नेमा हलो अड्किएको देखिन्छ । दलगत राजनीतिका लागि त पार्टीहरु नै पर्याप्त छन् ।

७. अन्तमा, यी संस्थाहरु अब सही अर्थमा पेशागत बन्नैपर्छ भन्ने मत बलियो बन्दै आएको छ । पेशागत संस्था निमोठ्न पाईंदैन । विद्यार्थी, शिक्षक, कर्मचारी, मजदूर, व्यवसायी, महिला, युवा यी दर्जनौं पेशासँग आबद्ध संस्थाहरु पेशागत हक, अधिकारसँग जोडिएर युनियनिज्मको मर्मलाई बोक्नुपर्छ । एक पेशा एक संगठन आजको आवाज हो । एक पेशाको एक मात्र संगठन भएमा स्वभावैले यो शक्तिशाली बन्छ र पेशागत हकहितका सवालमा सरकारसँग बार्गेनिङ गर्दा पनि सफलता हासिल गर्न सक्दछ ।

# चेपाङ जातिको उत्पत्ति तथा नामकरण



चुडा राज उप्रेती

चेपाङसम्बन्धी सर्वप्रथम अध्ययन गर्ने विद्वान् हडसन हुन् । यिनले चेपाङ र कुसुण्डा एकै समूहअन्तर्गत रहेका कुराको उल्लेख गरेका छन् (Hodgson, 1857, p. 45) । यिनीहरूको उत्पत्ति तथा नामाकरणसम्बन्धी कुनै लिखित प्रमाण नभएको कारण परम्परागत विश्वासका तथा किंवदन्तीका आधारमा विवेचना गरिएको पाइन्छ । रामायणकालमा सीतालाई रामद्वारा परित्याग गरिएर पुन बनबासमा बस्दा वाल्मीकि ऋषिको आश्रममा आफनो पुत्र लवका साथमा थिइन् । एक दिन सीताले लवलाई खोलामा बाँदरका साथ खेल्न लगिन् । यता ऋषिले सधैंझैं कोक्रोमा लवलाई देखेनन् । सीता आई पुत्र नदेखि व्याकुल हुने सोच गरि कुशको एक बालक बनाई कुशारी नामकरण गरे । सीताले लवलाई आफैसँग ल्याएकोदेखि सबै यर्थाथ भनि ती दुबै पुत्रलाई हुर्काउन अराए । पछि गएर लवका सन्तान चेपाङ तथा कुशका सन्तान कुसुण्डा कहलिएका हुन् (Bista, 1967, p. 117) ।

कालान्तरमा यी दुई बीच शत्रुता बढी एक अर्काको ज्यान ताक्ने भएका पाइन्छन् । चेपाङ भाषामा चे भन्नाले कुकुर र पाङ्ग भन्नाले वाण हो । उनीहरूको परम्परागत पेशा शिकार गर्ने तथा प्राचीनकालदेखि शिकार गर्न जाँदा धनुवाण तथा कुकुर लिई हिड्ने हुँदा यिनीहरूलाई चेपाङ भनी नामाकरण गरिएको हो भन्ने पाईन्छ (श्री ५ को सरकार, २०३१, पृ. ९८९) । च्यो भनेको डाँडाँको टुप्पो तथा वाङ्ग भनेको ढुङ्गा हो । पहाडको टुप्पोमा बस्ने जाति वा गुफा वा ढुङ्गाको ककारोमा बस्ने जाति वा पहाडको टुप्पोमा ढुङ्गाको कापबाट पैदा भएको जातिको आधारमा नामकरण गरिएको बुझिन्छ (ढुङ्गेल, २०५१, पृ. ६) ।

चेपाङहरू चेवन ऋषिका सन्तान हुन्, त्यसैले यिनीहरूलाई चेवन, चोवन, चोवाङ्ग हुँदै चेपाङ भनी नामकरण गरिएको विश्वास गरिन्छ (पाण्डेय, २०६८, पृ. १७) । पहाडबाट निस्किएका खहरेका चिप्लो ढुङ्गामा एक प्रकारको माछा पाईने र उक्त माछालाई चेपागाँडा भनिने तथा चेपाङहरुले आफनो जीविकोपार्जनका लागि उक्त माछा खाने हुँदा यिनीहरूलाई चेपाङ भनिएको पनि मानिन्छ (Gautam, Magar, 1994, p. 106) । यसरी चेपाङको उत्पत्ति तथा नामकरणसम्बन्धी विभिन्न किंवदन्ती पाइए तापनि आफूहरु रामका पुत्र लवका सन्तान तथा लेकाली ढुंङ्गेलो पहाडमा बस्ने जाति भनी दाबा गर्दछन् ।

### जनसङ्ख्या एवम् बसोवास

कूल ६८,३९९ जनसङ्ख्या रहेका चेपाङ जातिमा पुरुष ३४,६२० तथा महिला ३३,७७९ छन् (CBS, 2011) को बसोबास नेपालको मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रअन्तर्गतका जिल्लाहरू विशेष गरि धादिङ्ग, चितवन, मकवानपुर, गोर्खा, लम्जुङ्ग, तनहुँका लेकाली जङ्गल, भिरपाखा, महाभारत श्रृङ्खलाका घना जङ्गल, हेटौडा तथा नारायणघाटको राजमार्गका छेउछाउ तथा केही रोजगारीको सिलसिलामा नवलपरासी, गैंडाकोट, नवलपुर, विराटनगर, बाँके तथा काठमाडौंमा समेत बसोवास गर्दैआएको पाइन्छ । जुन सुकै क्षेत्रमा बसोबास गरेता पनि आफ्नै समूहमा बस्न रुचाउने चेपाङहरू, प्राय समुद्री सतहबाट २५००-४००० फिटको उचाईमा बस्ने गरेका पाइन्छन् । यी विभिन्न स्थानमा बसोबास गर्ने चेपाङहरूमध्ये धादिङ्ग जिल्लाका विशेष गरि घुसा, पिडा, गजुरी, जोगीमारा, सैंतुङ्ग, कुमपुर, नौबिसे, तसर्पु, धार्के, महादेवस्थान, गोगनपानी, छत्रेदेउराली आदि गाविस तथा तीअर्न्तगतका बस्तीहरुमा बसोबास गर्दैआएका छन् (Chepang, 2069, p. 118) ।

धादिङ्गको घुसाको कूल ६५३० जनसङ्ख्यामध्ये यहाँ चेपाङहरूको जनसङ्ख्या २५१७ रहेको छ । जोगीमाराको कूल ६९८२ जनसङ्ख्यामध्ये २६२६ चेपाङहरूको बसोवास रहेको पाइन्छ । दोलखा जिल्लाको सुनाथली क्षेत्रबाट परापूर्वकालमा बसाई सरि आएको बताउने यी क्षेत्रका चेपाङहरू आफूहरूमा पहिले चार जना राजा रहेको आफनो सामुहिक दरबार पुकुन्थलीमा भएको र राजी राजाले सबैको नेतृत्व गर्ने गरेको बताउँछन् । पाटनका राजाद्वारा चेपाङ राजाहरु पराजीत भई सो क्षेत्र उनले अधिनमा लिएको कुरा स्वीकार गर्दै, पछिल्ला कालमा देशका अन्य क्षेत्र विकाश हुँदा चेपाङको बसोबास क्षेत्रमा कसैले ध्यान नदिएका कारण आफूहरू लामो समयदेखि जंगली जीवन बिताउन बाध्य भएको कुरा धुसा, गा.वि.स. दुखाङ्का स्थानिय बासिन्दा लाल बहादुर चेपाङ बताउँछन् ।

### थर, उपथर तथा गोत्र

मंगोल जातिको शारीरिक संरचनासँग मिल्ने चेपाङहरूमा विभिन्न थरहरू रहेका पाइन्छन् । यिनीहरू पुकुन्थली तथा कछारे गरी दुई समूहमा रहेका पाईन्छन् । पुकुन्थलीलाई प्रजा भनिने तथा यिनीहरूअन्तर्गत भारा, प्रोसो, जारगें, बरे, नगरकोटे, जुङ्गरागें, ज्यामताँङ्ग, रोङ्गबाँङ्गे, पोदवाङ्गे, बाङ्गरागे, रूपाकोटे, नाईके पोनियो राना आदि उपथर रहेका तथा कछारे जो आफूलाई सुन प्रजा भन्ने गर्दछन् तिनीहरु अन्तर्गतनलसिरी, धुसराङ्गी, बर्सिरिङ्गी, बिराङ्गमाई, रार्लिङ्गमाई, तिर्मिमाई, कौदाली, बोल्था आदि उपथर रहेको पाइन्छ (Gautam & Thapa Magar, 1994, p.106) ।

उक्त माथि उल्लिखित बाहेक चेपाङहरुमा अरु विभिन्न उपथरहरु पनि रहेका पाइन्छन् । कतिपय थरहरु उनीहरुको बसोवासको स्थान, व्यवसाय तथा वैवाहिक सम्बन्धको आधारमा रहेका पाइन्छन् । नुवाकोटे, रूपाकोटे, प्रोसो आदि बसोवास गरेको स्थानको आधारमा, ढुंङ्गा भएको स्थानमा जग्गा आबादि गर्नेका सन्तान बाङ्गराङ्गे, डोको डालो बन्नेका सन्तान रोम, विवाहमा डोली बोक्नेका सन्तान पेटारे आदि व्यवसायका आधारमा, जारी विवाह गरि जन्मेका सन्तान जारगें तथा चेपाङ केटीले अन्य जातका केटासँग विवाह गरि जन्मेका सन्तानका व्याल, कमर आदि थर पाइन्छन् ।

चेपाङ जातिमा कुल २२ गोत्र रहेको नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयका कोषाध्यक्ष सन्तबहादुर चेपाङ बताउँछन् । चेपाङ समुदायमा प्राय सबैले आ-आफ्नो नामको पछाडी थरको सट्टा प्रजा वा चेपाङ उल्लेख गर्ने गरेको पाइएकोमा तपाईहरूको पुकुन्थली र को कछारे भनी सोध्दा आफूलाई त्यसरी छुट्याउन नमिल्ने र छुट्याएमा समाजले नराम्रो मान्ने बारेमा धुसा, बुम्पुङ्गकी कान्छी माया प्रजा बताउँछिन् ।

**चेपाङ समुदायमा प्रचलित संस्कारहरू** : प्रत्येक समाजमा मानिस जन्मेदेखि उसको जीवनकालमा आयु, आरोग्य, सुख प्राप्ति तथा उसलाई परिस्कृत गर्न विभिन्न प्रथाहरू गर्ने गरिन्छ भने मृत्यु पश्चात मृतकको आत्माको शान्ति तथा तृप्तिका लागि भिन्दा भिन्दै प्रथा गर्ने प्रचलन हिन्दू समाजमा रहेको छ । प्रकृतिको निकट रहने तथा प्रकृतिलाई नै सर्वोपरि ठान्ने चेपाङ समुदायमा अन्य जातिमा जस्तो धरै प्रथा गरिने चलन प्राय रहेको पाईदैन भने प्राकृतिक तथा अलौकिक शक्तिमा विश्वास राख्ने चेपाङका कुनै पनि प्रथा झाँक्री नभई पूर्ण हुँदैनन् । यो जातिमा सम्पन्न गरिने संकारगत अनुष्ठान र ती कार्य सम्पादन गर्दा पूरन गरिने विधिविधान तथा कर्मकाण्डहरु यस प्रकार छन् ।

### बच्चा जन्माउदाको परम्परागत विधि

चेपाङ समुदायमा कुनै आइमाई गभिर्णी भएको थाहा भएपछि उसले, साथै उसको लोग्नेले शिकार गर्नु, कुनै जीवको हिंसा गर्नु तथा लाश छुनु हुँदैन भन्ने विश्वास छ । वर्तमान समयसम्म पनि अत्यन्त न्यून चेपाङ महिला सुत्केरी गराउन अस्पताल जाने तथा अधिकाशंले धरेलु विधि सुडेनीद्वारा बच्चा जन्माउने गरेका धुसा तथा जोगीमाराका चेपाङ महिलाहरु बताउँछन् । गभिर्णीलाई लामो समयसम्म व्यथा लागि बच्चा जन्माउन गाह्रो भएमा प्राकृतिक वा कूल देवता रिसाएको मानी घरमा धामी (पाँडे) लाई बोलाई ढ्याङग्रो ठोक्दै सुत्केरीलाई सजिलोसँग बच्चा जन्माउन सहयोग गर्न मन्त्र फलाक्ने तथा यति गर्दा पनि नभएमा पाँडेले मन्त्र फुकी पानी र चामल सुत्केरीलाई खुवाउने प्रचलन छ । २-३ दिनसम्म पाँडेद्वारा मन्त्र फलाक्न लगाई बस्ने चेपाङ समाजमा सुत्केरीको अवस्था अत्यन्त जटील भइसकेपछि मात्र अस्पलात पुर्याइने हुँदा अकालमा धेरैको ज्यान जाने गर्दछ । बच्चा जन्मे पश्चात बाबुले बच्चाको नाल काट्ने परम्परा छ भने साल जथाभावी फालेमा दुष्ट आत्माले बच्चा तथा आमालाई सताउने विश्वास अनुरूप साललाई सुरक्षित स्थानमा गाड्ने गरिन्छ ।

### न्वारन प्रथा

चेपाङ समुदायमा बच्चा जन्मेको तीनदेखि नौ दिनसम्म न्वारन गर्ने परम्परा छ । छोरी भए तीन दिन तथा छोरा भए सात वा नौ दिनमा न्वारन गरिन्छ । न्वारन नगरेसम्म घर, कूल शुद्ध नहुने तथा सुत्केरीलाई कसैले छुन नहुने विश्वास अनुरूप सो अवधिमा बच्चा वा आमा बिरामी परेमा पाँडेले परैबाट फुक्ने चलन छ । न्वारनका दिन पाँडेले आमा, बच्चा तथा परिवारका अन्य सदस्यलाई सुनपानी वा गहुँत खान दिने, घरमा छर्किने तथा नौ डोरा भएको धागो आमाको नाडी तथा बच्चाको हात, खुट्टा, कम्मरमा बाधिन्छ । पाँडे बोलाउन नसक्ने चेपाङ परिवारले, ज्वाई वा भान्जा बोलाई गहुँत वा सुनपानी छर्किने गर्दछन् । बच्चाको नामकरण उसको बाबु, आमाको नाम, जन्मेको बारको आधारमा आईते, सोम, मंगली वा जन्मेको स्थानको आधारमा गिट्ठा पाइने बनमा भए लाक, केरा बारीमा भए लोसाई आदि राख्ने प्रचलन रहेको तर वर्तमान समयमा देवी देवता वा अन्य प्रचलित नाम राख्ने गरेको पाइन्छ । छोरी जन्मिए विवाहमा पेट भरि जाँड, रक्सी तथा कोसेली खान पाईने हुँदा छोरा वा छोरी दुबैको जन्ममा खुसी हुने गर्दछन् ।

### भातखुवाई प्रथा

अन्नको अभावमा प्राय गिट्ठा, भ्याकुर जस्ता कन्दमूल खाएर जीविकोपार्जन गर्ने चेपाङ समुदायमा भातखवाईको खासै औचित्य तथा प्रचलन नभएको, अन्य जातसँगको बसोवासका कारण र पर संस्कृति ग्रहणको परिणाम मान्दछन् । घुसामा व्याप्त रहेको यो प्रथा जोगीमारामा भने छोराहरूको मात्र गर्ने गरेको जोगीमाराका मन बहादुर चेपाङ बताउँछन् । छोरीको पाँच तथा छोराको छ महिनामा गरिने भात खुवाई गर्दा बच्चालाई मामाले सिक्काले भात खुवाउने, टिका लगाई पैसा दिने गर्दछन् भने हुने खाने गाउँलेलाई बोलाई जाँड, रक्सी, मासु खुवाउने परम्परा रहेको पाइन्छ ।

### छेवर प्रथा

हिन्दु समाजमा जन्मदाको अशुद्ध कपाल बच्चा सात-आठ वर्षको पुगेपछि शुभ साइत पारेर खौरने प्रचलन छ जसलाई छेवर भनिन्छ । चेपाङ समुदायमा भातखुवाई जस्तै यो प्रथा पनि परम्परागत रूपमा नभई रहरले वा देखासिखीका कारण गरिएको चेपाङ वृद्धहरूको भनाई छ । वर्तमान समयमा भने यो प्रथा प्राय चेपाङ संस्कृतिको पनि अभिन्न अंग बन्न गएको बुझिन्छ । यसमा बालकको मामा वा मामा नभए बाबुको मुख्य भूमिका रहन्छ । बालक तीनदेखि नौ वर्षको छन्दा बच्चाको घाँटीमा गाई बान्ने दाँम्लोले बाँधी, मामाले कपाल काट्ने गर्दछन् (Chepang, 2010, p. 56) । दिदी, बहिनी वा फूपुले उक्त कपाल सालको टपरी वा सेतो कपडामा थापी बगाउने वा गाड्ने गर्दछन् । औकात अनुरूप मामाले भान्जालाई उपहार र मुख्य गरि टोपी दिन्छन् भने भान्जाले पनि मामालाई केही दिनुपर्दछ ।

### विवाह प्रथा

चेपाङ समाजमा अन्य समाजमा जस्तै केटी मागेर विवाह गर्ने प्रचलन भएता पनि स्वतन्त्र तथा खुला यस समाजमा बढी प्रेम विवाह गर्ने गरेको पाईन्छ । त्यस्तै जारी विवाह, देवर भाउजु विवाह, साली विवाह, बहुपत्नी विवाह, विधवा विवाह आदि पनि उत्तिकै प्रचलित पाइन्छन् । छोरी जन्मदा पेट भरि जाँड, रक्सी खान पाईने भनि खुशी हुने चेपाङ समुदायमा केटा पक्षले तृप्त नहुन्जेल जाँड, रक्सी, मासु, रोटी जस्ता दस्तुरले चित्त नबुझाए सम्म छोरी नदिने प्रचलन छ । यी जातिमा विवाह पूर्व विशेष रिती पुर्याउने परम्परा पाइन्छ ।

### पोङ्ग बिसाउनी

चेपाङ समुदायमा प्राय सानै उमेरमा विवाह गर्ने प्रचलन पाइन्छ । एकै गोत्रका चेपाङ बिच बिहेबारी चल्दैन भने मामाको छोरीसँग बिहे गर्ने प्रचलन रहेता पनि फूपुको छोरीसँग भने यिनीहरू विवाह गर्दैनन् । मागी विवाह गर्दा भरसक सात पुस्ता भित्रको नपरोस् भन्ने ख्याल गरिन्छ । केटा विवाह योग्य भएपछि केटाको बाबु वा केटा आफै केटीको घरमा माग्न जाने चलन छ । यसरी माग्न जाँदा मंगलबारको दिन पारेर एक, दुई पोङ्ग जाँड, रक्सी, कुखुरा, २/४ किलो मासु, रोटी, अचार आदि लिई केटीको घरमा जान्छन् जुन प्रथालाई पोङ्ग बिसौनी भनिन्छ । केटी माग्दा गीतको भाकामा केटी माग्ने तथा पोङ्ग, कोसेली चित्त बुझे नबुझेको सोध्ने गरिन्छ । केटा माग्न आएको र छोरीलाई केटो चित्त बुझ्छ, बुझ्दैन सोध्ने परम्परा चेपाङ समाजमा रहेको छ । केटीले स्वीकार गरेपछि मात्र केटा पट्टिबाट ल्याएको पोङ्ग स्वीकार गरिन्छ अन्यथा फिर्ता गर्ने परम्परा रहेको छ । केटी माग्न जाँदा केटीलाई केटो चित्त बुझ्यो तर केटीका परिवारलाई चित्त बुझेन भने केटीको परिवारले मागे जति पोङ्ग र सौगात केटाले पुर्याए मात्र केटाले विवाह गर्न पाउँछ । बिसाएको पोङ्ग फिर्ता ल्याउन नहुने विश्वास अनुरूप केटा पक्षले बाटोमा खाई सिध्याएर मात्र फर्कनु पर्ने प्रचलन रहेको छ ।

### मागी विवाह

मागी विवाहमा जन्ती जाँदा केटी पक्षले तोकेको संख्यामा जन्ती र तोकिएको अनुसार कोसेली, सौगात लैजानु पर्दछ । कोसेली प्राय १२ पाथी चामल, १२ धार्नी मासु, १ भाग दही, १२ पाथी रक्सी वा अझै बढी, केरा आदि लिई, बाजा सहित जानु पर्दछ । केटा पक्षबाट ल्याएको कोसेलीले नपुगेमा मात्र केटी पक्षले थपेर खुवाउने परम्परा रहेको पाइन्छ । वर्तमान समयमा चेपाङ समुदायको विवाह विधि जटिल बन्दै गएको र केटी पक्षले मागे अनुरूप च्याँङ्गा, २२ सय रोटी, २२ बोत्तल रक्सी, २२ धार्नी सुगुंरको मासु, २२ सिद्रा माछा, २२ काईयो केरा, २२ सिक्का, २२ पाथी चामल तथा २२ पटक बन्दूक पड्काउने सर्तमा मात्र छोरी दिने परम्पराको विकाश भएको पाइन्छ जस्लाई चेपाङमा रहेको २२ गोत्र बुझाउने भनिन्छ (Chepang, 2010, pp. 56-57) ।

केटी पक्षकाले भने जति रक्सी, हान ल्याए नल्याएको कुरा जन्तीलाई केटी पक्षले गीतको भाकामा सोध्ने र केटा पक्षको अगुवाले त्यसको जवाफ गीत मार्फत दिने, केटी पक्षले कोसेली चित्त नबुझाए पुन खोजेर ल्याई थपे पछि मात्र जन्ती पर्सिने चलन छ । केटीको घरभित्र पस्दा केटा पक्षबाट ल्याएको भाले तथा केटी पक्षबाट दिइएको पोथी ढोकामा काटेर भित्र छिर्ने गर्दछन् । पोङ्ग बिसाउँदा केटा पक्षबाट ल्याइएको मासु आदि केटी पक्षकाले गाँउले तथा आफन्तमा बाड्ने गरेको तथा त्यसैको आधारमा विवाहमा केटी पक्षका निम्तालुले सो मासुको मुल्य बराबरको पैसा तथा अन्य पैसा केटीलाई दिई टीका लगाई दिने प्रचलन रहेको पाइन्छ ।

रातभरि दाहोरी गाई नाच गान गरि भोलिपल्ट केटा पक्षबाट ल्याएको लुगा पहिराई दुलही लैजाने चलन छ । केटीलाई दिइएको नगद दाईजो केटीका परिवारले तुरुन्तै नदिई छोरीको घरबार हुने, नहुने विचार गरि पछि दिने गरिन्छ । नहुनेले छोरीलाई चिउरीको बोट दाईजो दिने गर्दछन् । दुलही भित्राउँदा, घर बाहिर राखिएको धागो छिनाल्दै भित्र पस्ने, सिन्दूर, पोते लगाईदिने तथा केही दिन पछि केटाले पुन, ससुरालीमा कोसेली लिई भेट्न गए पश्चात चेपाङको विवाहको रीती सकिन्छ ।

### प्रेम विवाह

दैनिक बन जंगल जाँदा, शिकार गर्न, माछा मार्न जाँदा, विवाह आदिमा देखभेट हुँदा मनपराई भागेर विवाह गर्ने चलन छ भने समूहगत रूपमा भेट भएको बखत एक अर्कासँग दोहोरी गीत गाइ गीतको भाका मार्फत केटीलाई जीतेर लैजाने परम्परा पाईन्छ । यस्तो गीत गाउँदा गीतकै भाका मार्फत केटा, केटीले एक आपसमा नाउँ, गाउँ, पुर्खा, घर, थर आदि सोध्ने, माया प्रिती छ, छैन सोध्ने तथा केटी राजी भएमा लैजाने चलन छ । दोहोरी गाउँदा केटा हारेमा केटा बिरामी पर्दछ भन्ने विश्वास चेपाङ समाजमा पाइन्छ ।

### चोरी विवाह

बन जंगल जाँदा, मेलापर्व वा अन्य गाउँमा केटी देखि मन परेमा भगाएर आफन्तको घर, साथी भाई कहाँ वा जंगलमा केटीलाई लुकाएर राख्ने तथा केटी पक्षलाई खबर गर्ने चलन छ । केटी पक्षका मानिस आई केटी राजी भए, नभएको सोधी केटी राजी नभएमा फर्काएर लैजाने चलन छ, जसलाई चेपाङ समुदायमा सामान्य मानिन्छ भने केटी राजी भएमा दुबै पक्षको सल्लाह तथा कोसेली लिएर केटीका गई मागी भैंँ रित पुर्याइन्छ । प्राय मनपराएकोसँग विवाह गर्न विरोध नगरिने स्वतन्त्र चेपाङ समाजमा वर्तमान समयमा चोरेर लुकाउने प्रचलन त्यति नरहेको काठमाडौंको एक गैर सरकारी संस्था कार्यालयमा कार्यरत चितवन, लोथरका सेरबहादुर चेपाङ बताउँछन् ।

### जारी विवाह

चेपाङ समुदायमा जारी विवाह सामान्य मानिन्छ । आफनो स्वास्नी अर्काले लगेमा दोस्रो लोग्नेले पहिलो लोग्नेलाई पैसा (जार) तिरि उक्त पत्नीलाई आफनो बनाउने प्रथालाई जारी विवाह भनिन्छ । परम्परागत रुपमा मानि आएको यस्तो विवाहमा, जार बापत पहिलो लोग्नेले मागे जति रकम दोस्रोले दिनु पर्ने नत्र स्वास्नी फिर्ता गर्नु पर्ने परम्परा पाइन्छ । सामान्यतः सानो रकममै यस्तो विवाह गर्दैआएका चेपाङ समाजमा वर्तमान समयमा भने यस्तो विवाह प्रथालाई निरुत्साहित गर्न पाँडे वा समाजका पाका मानिसहरूले बढी भन्दा बढी रकम बुझाउनु पर्ने नियम बनाएको चेपाङहरू बताउँछन् ।

यस बाहेक दाजु मरेमा देवरले भाउजु बिहे गर्ने, भाउजुले देवर छाडि अन्यत्र विवाह गरेमा जारी लिने, शाली विवाह, विधवा विवाह, बहुपत्नी विवाह गरि दुबै तर्फका थुप्रै बालबच्चा सहित चेपाङहरु बस्ने परम्परा छ । तर चेपाङ समाजमा जेठाजुले भाई मरेमा बुहारीलाई बिहे गर्दैनन् किनकि यिनीहरुमा बुहारीले सल्काएको चुरोट जेठाजुले खाने अर्थात जुठो चलेता पनि जेठाजुलाई छुन हुँदैन भन्ने परम्परा अनुरूप भुईमा राखिदिने चलन रहेको छ ।

### अन्त्यष्टि प्रथा

चेपाङ समाजमा मानिसको मृत्यु पश्चात उसको मुखमा सुनपानी राख्ने चलन छ भने मृतकलाई गर्भवती, बिरालो तथा मुसाले छुनु हुँदैन भन्ने विश्वास छ । मृतकलाई गाड्ने परम्परा अनुरुप लाशलाई सालको पातमा बेरेर, बाँसमा बाँधेर लैजाने गरिन्छ । मलामी जाँदा बेजोड सङ्ख्यामा जान नहुने विश्वास गरिन्छ भने मलामी जाँदा आगो लिएर जाने तथा मलामी फर्कि आउँदा पुन आगो छोएर आउने गरिन्छ । लाशलाई डाँडाँको टुप्पो लगि पूर्व पश्चिम पारि खाल्डो खनि टाउको पश्चिम तथा खुट्टा पूर्वतर्फ पारि गाडेर धनु वाणको प्रतिक काठ तथा अन्य बस्तु राखि सम्म पारि माटोले पुरिन्छ । मलामीलाई मासु, रक्सी खुवाउने प्रचलन छ भने मृतकका परिवारले सेतो कपडा बाँधी ५ दिन नून, तेल, साग, सिस्नु नखाई जुठो बार्ने चलन छ ।

लाश गाडेर फर्केको राती चुलो माथि नाङ्गलोमा पिठो राख्ने चलन छ जसमा भोलिपल्ट पाँडेले मरेको आत्माले कुन जन्तुको रूप लियो भनेर हेर्दछन् । पाँचौं दिनमा पाँडे केही मानिस लिई मृतक गाडेको चिहान हेर्न जान्छन् । उक्त स्थानमा कुनै जन्तुको पाईलाको छाप भएमा पाँडेले प्रेतआत्मा (छाक्जा) जन्तु भएको वा प्वाल देखिएमा छाक्जा अन्य कुनै तत्वको रूपमा भट्किएर हिडेको विश्वास अनुरूप छाक्जालाई मार्न तथा मृतकको आत्मालाई स्वर्ग पठाउन मृतकको घरमा रातभर ढ्याङ्ग्रो बजाई मन्त्र फलाक्दै मन्त्र मार्फत छाक्जा मार्ने गर्दछन् । पाँडेले पाचौं दिनमा छाक्जा मार्न नसके, छाक्जा भट्किएर घरपरिवार तथा गाँउलाई दुःख दिन्छ भन्ने विश्वास गरिन्छ । यसै दिन जुठो चोख्याउने हुँदा पाँडेले कुल, परिवारलाई गहुँत खुवाउने, घरमा छर्किने तथा मलामी, गाउँलेलाई मासु, रक्सी, भात खुवाउने गरिन्छ ।

### निष्कर्ष

आफूलाई रामका सन्तान मान्ने चेपाङ समुदाय अत्यन्त पिछडिएको जनजाति पर्दछन् । विशेष गरि बागमती प्रदेश मकवानपुर, चितवन र धादिङ जिल्लाको विभिन्न क्षेत्र तथा प्रमुखरुपमा धादिङ्ग जिल्लाका साविकका १२ गाविसमध्ये घुसा तथा जोगिमारा तथा तीअर्न्तगतका बस्तीमा रहदै आएका छन् । राजमार्गको छेउछाउ वा नजीकैको पैदलजात्राको दुरीका बस्तीमा रहदै आएका चेपाङ तथा अन्य समुदायसँगको सम्पर्क, सहरी प्रभाव, रोजगारीका कारण, केही चेपाङ समुदायको सामाजिक अवस्था राम्रो भएता अन्य भने अभाव, अशिक्षा तथा अन्धविश्वासमा जकडिएका छन् । दुई समुहको थरमा रहेता पनि सामाजीक परिवेशका कारण आफू यो समुहको नभनी चेपाङ भन्न रुचाउने यी जातिमा बाईसवटा गोत्र तथा ती अन्तर्गतका विभिन्न थर रहेको पाइन्छ ।

आफनै गोत्र तथा फूपुको छोरी बाहेक जुनै जातीसंग पनि मागी, प्रेम, जारी, बहुपत्नी जस्ता विहे गर्न स्वतन्त्र यिनीहरू स्वतन्त्र छन् । केटा पक्षबाट प्रस्ताव गरि अत्यन्त धेरै जाँड, रक्सी तथा मासु जस्ता बस्तु सौगात लगि विहे गर्ने चेपाङ समाजमा सौगात चित्त नबुझे छोरी नदिने वर्तमान समयसम्म पनि चलन छ । केही चेपाङहरूले भने ब्राम्हण, क्षेत्री तथा अन्य जातीको सिको गरि बच्चाको अन्नप्राशन, छेवर जस्ता प्रथा गरेतापनि अधिकाशंले भने चेपाङ समाजका अगुवा प्रथा, पूजा गराउने मात्र नभई प्राकृतिक तथा अलौकिक शक्तिलाई आफनो वंशमा राखि हरेक समस्याको समाधान तथा रोगको समेत उपचार गर्ने पाँडेद्वारा सर्म्पूण प्रथा, देवीदेवता, कूल तथा प्रकृतिक देवताको पूजा गराउँछन् । बच्चा जन्माउन मात्र नभई मरेका पितृ तार्न तथा प्रेतआत्मा भई भट्केका पितृको उद्धार गर्न समेत चेपाङ समाजमा पाँडे नभई हुँदैन ।

यो जातिमा बच्चा जन्माउँदाको परम्परागत विधि पनि प्रचलनमा छ । न्वारन विधिवत गरिने पहिलो प्रथा हो । चेपाङ समुदायमा बच्चा जन्मेको तीनदेखि नौ दिनसम्म न्वारन गर्ने परम्परा छ । भातखुवाई पनि प्रथा कै रुपमा सम्पन्न गर्दछन् । छेवर प्रथा भातखुवाई जस्तै परम्परागत रुपमा नभई रहरले वा देखासिखीका कारण गरिएको हो । विवाह प्रथा चेपाङ समाजमा अन्य समाजमा जस्तै उल्लेख्य मानिन्छ । जारी विवाह, देवर भाउजु विवाह, साली विवाह, बहुपत्नी विवाह, विधवा विवाह पनि यो समुदायमा प्रचलनमा छन् । अन्त्यष्टि यिनीहरुको अन्तिम प्रथा हो । चेपाङ समाजमा मानिसको मृत्यु पश्चात उसको मुखमा सुनपानी राख्ने चलन छ । मृतकलाई गाड्ने परम्पराअनुरुप लाशलाई सालको पातमा बेरेर, बाँसमा बाँधेर लैजाने गरिन्छ । मृतकको आत्मालाई स्वर्ग पठाउन मृतकको घरमा रातभर ढ्याङ्ग्रो बजाई मन्त्र फलाक्दै मन्त्रमार्फत छाक्जा मार्ने गर्दछन् ।

प्रत्येक प्रथा, पूजा तथा रोगव्याधिको उपचारमा कुखुरा, जाँड, रक्सी तथा मासु नभई नहुने चेपाङहरुको स्वामित्वमा जग्गा जमिन नहुँदा, परम्परागत खेतीले बर्षभरि खान नपुग्दा तथा गिट्ठा, भ्याकुर जस्ता कन्दमूल खोज्ने, शिकार खेल्ने जंगलको दिनहुँ विनाशका कारण यिनीहरूको अवस्था झन् बिग्रदो छ ।

परम्परागत प्रथा, रितीरिवाज तथा तिनका विधि र प्रक्रिया धान्न नसक्दा अधिकाशं चेपाङ ऋणमा डुब्न बाध्य छन् ।

VACANCY ANNOUNCEMENT

( 2 Male English teachers)

One of the leading & expanding academic institution invites application from highly, energetic, qualified, and dedicated educators to join our faculty for the Academic Session 2083. We are looking for Male candidates with a passion for teaching and a strong command of the English language.

**Position 1: Secondary Level English Teacher**
- Level: Secondary (Grade 9-10)
- Minimum Qualification: Master's Degree in English (M.A./M.Ed.) or equivalent.
- Experience: Minimum 2-3 years of experience teaching SEE level students.
- Requirement: Deep understanding of the current CDC curriculum and excellence in creative writing and literature.

**Position 2: Lower Secondary Level English Teacher**
- Level: Lower Secondary (Grade 6-8)
- Minimum Qualification: Bachelor's Degree in English (B.A./ B.Ed.) or equivalent.
- Experience: At least 1-2 years of teaching experence pretened.
- Requirement: Ability to foster communication skills and grammar foundations in students using modern pedagogical tools.

**Key Competencies:**
- Fluency in spoken and written English is mandatory.
- Proficiency in basic computer applications for digital teaching.

Strong classroom management and interpersonal skills.

**Salary & Benefits:**
- Competitive salary based on experience and school policy.
- Friendly and professional working environment.

**Application Process:**
Interested candidates should submit an updated CV, a handwritten application, and copies of academic certificates to the given whatsapp number.
( Phone: 9863599039]
Whatsapp : 9802546595

सूचना, सूचना, सूचना

जन्म, मृत्यु, बसाइँसराई एवम् सम्बन्ध बिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन सक्नेछन् । बसाइँसराई गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले, परिवार नै गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्ने छ । बिवाहको सूचना पति, पत्नी वा दुवैले दिनुपर्दछ । सम्बन्ध बिच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

नरनाथ सुवेदी
वडा अध्यक्ष एवम्
१९ नम्बर वडा कार्यालय

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा खनाल

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा मकवानपुरका दामोदर खनाललाई नियुक्त गरिएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले खनाललाई मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको हो । मकवानपुरको बकैया गाउँपालिकाका पूर्वअध्यक्ष खनाललाई मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गरिएको हो। खनाल नेपाली कांग्रेसको मकवानपुर निर्वाचन क्षेत्र नम्बर-१ को संघीय सभापति रहेका छन् ।



मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार नियुक्त हुनुभएका दामोदर खनाल ।

यसअघि मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारमा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा थिए। फागुन २१ गते सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्ने भएपछि लामाले प्रमुख सल्लाहकारको पदबाट राजीनामा दिएका थिए । लामा निर्वाचनमा पराजित भए । सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री प्रभात तामाङका अनुसार बैठकले बागमती प्रदेश विश्वविद्यालयको संरक्षक सदस्यमा पोखरा विश्वविद्यालयका पूर्व उपकुलपति डा. प्रेमनारायण अर्याललाई नियुक्त गर्ने निर्णय गरेको छ। बैठकले सूचना प्रतिवेदन समितिको अध्यक्षमा धादिङका कृष्णराज अधिकारी र सदस्यमा मकवानपुरका अशोकसुजन श्रेष्ठलाई मनोनयन गरेको उनले बताए।

बैठकले सामाजिक विकास मन्त्रालयमा कार्यरत प्रदेश सचिव खुविराम अधिकारीलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयको समेत थप जिम्मेवारी हेर्ने गरी खटाउने निर्णय गरेको छ। यसअघि सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका बाबुराम पुरीलाई सो मन्त्रालयको जिम्मेवारीबाट हटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मात्र जिम्मेवारी तोकिएको छ।

बैठकले नमोबुद्ध क्षेत्र विकास समितिको अध्यक्षमा शंख बुद्ध लामालाई नियुक्त गर्ने निर्णय गरेको प्रवक्ता तामाङले बताए । बैठकले प्रदेशको ११औं तहमा कार्यरत स्वास्थ्य सेवाका डा. अर्जुनप्रसाद सापकोटाको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ भने समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारी दामोदर केसीले स्वास्थ्यका कारण दिएको राजीनामा माघ ५ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरेको छ।

मन्त्री तामाङका अनुसार बैठकले जेनजी आन्दोलनको क्रममा जलेका कार्यसम्पादन मूल्यांकन व्यवस्थापनका लागि नयाँ नीति पारित गरेको छ । बैठकले गरिबी निवारण नीति २०८२ र शैक्षिक छात्रवृत्ति निर्देशिका २०८३ लाई स्वीकृति प्रदान गरेको छ। बैठकले प्रदेश पर्यटन (पहिलो संशोधन) ऐन २०८२ को मस्यौदा र प्रदेश राष्ट्रिय वन ऐन (पहिलो संशोधन) २०८३ लाई प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। बैठकले त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश २०८२ र आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तहहरुलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको रकम स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ।

# पत्रकार महासंघ मकवानपुरले प्रशासनलाई ज्ञापनपत्र बुझायो

समाज संवाददाता

हेटौँडा: नेपाल पत्रकार महासंघ मकवानपुरले सरकारी सञ्चार माध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णयको बिरोध गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ । बिहीबार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउनुभएको हो ।

ज्ञापनपत्र बुझाउँदै महासंघका अध्यक्ष अधिकारीले साना मिडिया लगानीकर्तालाई सरकारको निर्णयले समस्या पर्ने तथा स्थानीय तहले पनि थोरै लगानीमा विज्ञापन गर्न पाउने प्राबधानमा समेत समस्या आएको बताउनुभयो । सरकारले आफ्नो निर्णयमा पुनर्विचार गर्नुपर्ने उहाँको भनाइ छ । ज्ञापनपत्रमा सरकारी विज्ञापनमा सरकारी सञ्चार माध्यमलाई मात्र प्राथमिकता दिनु निजी क्षेत्रमाथि गरिने विभेदकारी कदम भएकोले यो निर्णयले लोकतान्त्रिक मूल्य र मान्यताको उपहास गरेको उल्लेख छ।



निजी सञ्चार माध्यमलाई आर्थिकरूपमा कमजोर बनाउनु प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रेसको घाँटी निमोठ्नु र सूचनाको बहुलवादलाई निषेधको उदाहरण भएको जनाउँदै लोककल्याणकारी राज्यले आफ्ना नागरिक र निजी क्षेत्रलाई संरक्षण गर्नुपर्नेमा उल्टै प्रतिस्पर्धाबाट बाहिर राख्नु न्यायोचित नभएको समेत ज्ञापनपत्रमा उल्लेख गरिएको छ । यस्तै, निजी सञ्चार माध्यम पनि राज्यकै करदाता र अंग भएकाले उनीहरूलाई उपेक्षा गर्नु लोककल्याणकारी राज्यको अवधारणा विपरीत हुने महासंघले जनाएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ ले विज्ञापनलाई व्यवस्थित र पारदर्शी बनाउने लक्ष्य राखेको भन्दै सरकारी सञ्चार माध्यमको तुलनामा कतिपय अवस्थामा निजी र स्थानीय माध्यमको पहुँच जनस्तरमा बढी भएकोले कम लागतमा बढी प्रतिफल पाउने विकल्प छाडेर सरकारी ढुकुटीबाट महँगो दरमा विज्ञापन वितरण गर्नु आर्थिक सुशासनको दृष्टिले पनि उपयुक्त नभएको महासंघले ध्यानाकर्षण गराएको छ।

निजी सञ्चार माध्यममा हजारौँ श्रमजीवी पत्रकार र कर्मचारीहरू कार्यरत रहेको अवस्थामा विज्ञापनको आम्दानी सुक्दा उनीहरूको रोजीरोटी खोसिने जोखिम बढेको उल्लेख गरिएको छ । लोकतन्त्रमा बजारले प्रतिस्पर्धालाई प्रोत्साहन गर्नुपर्नेमा राज्य आफैँले एकाधिकार सिर्जना गरी निजी क्षेत्रलाई व्यवसायबाट विस्थापित गर्न खोज्नु खुला बजार अर्थतन्त्रको सिद्धान्त विरुद्ध भएको ज्ञापनपत्रमा उल्लेख छ । विज्ञापन वितरण गर्दा सरकारी वा निजी नभनी सञ्चार माध्यमको पहुँच, प्रभाव, वर्गीकरण र नियमिततालाई आधार मान्दै सरकारी विज्ञापन नीतिमा भएका विभेदकारी प्रावधानहरूलाई तत्काल संशोधन गरी सरकारी, निजी र स्थानीय सञ्चार माध्यमबिच न्यायोचित र समानुपातिक विज्ञापन वितरणको सुनिश्चितता गर्न सरकारको गम्भिर ध्यानाकर्षण गराएको महासंघले उल्लेख गरेको छ।

# पिप्लेमा म्युजिक एकेडेमी सञ्चालन

समाज संवाददाता

हेटौँडा : हेटौँडा-५, पिप्लेमा डायनामिक म्युजिक एकेडेमी सञ्चालनमा आएको छ। बिहिबार हेटौँडा-५ का वडाध्यक्ष सुशील घिमिरे र वरिष्ठ साहित्यकार देवराज खरेलले संयुक्त रूपमा एकेडेमीको उद्घाटन गर्नुभयो।

१५ वर्षदेखि संगीत शिक्षकको रूपमा अध्यापन गराउँदै आउनुभएका आकाश खड्काले संगीत क्षेत्रको व्यावसायिक विकासका लागि एकेडेमी सञ्चालनमा ल्याउनुभएको हो । हेटौँडामा संगीतको आधिकारिक र व्यवस्थित विद्यालयको अभाव रहेकाले साथीहरूको आर्थिक सहयोगमा एकेडेमी सुरु गरिएको सञ्चालक खड्काले बताउनुभयो। पिप्लेस्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयको ठिक अगाडि साढे २ कट्ठा जग्गा १५ वर्षका लागि भाडामा लिएर एकेडेमीले आफ्नै भवन निर्माण गरेको छ । एकेडेमीमा मादल, गितार, पियानो र गायन लगायतका ६ वटा कक्षा सञ्चालन गरिनेछ।

काठमाडौँको 'एनकेआईसि म्युजिक' संस्थाबाट एकेडेमीले मान्यता पाइसकेकोले यहाँ संगीत सिक्नेहरुले आधिकारिक शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने उहाँले बताउनुभयो । एकेडेमीले अहिले बेसिक, एडभान्स र डिप्लोमा कोर्स सञ्चालन गर्ने तयारीमा छ । एकेडेमीले प्रत्येक कोर्स कम्तिमा ६ महिनासम्म सञ्चालन गर्ने गरी तयारी गरेको छ भने मासिक शुल्क २ हजार ५ सय रुपैयाँ निर्धारण गरेको छ। उद्घाटनको अवसरमा पहिलो दिन ५ जनाले भर्ना लिएको सञ्चालक खड्काले बताउनुभयो। हाल एकेडेमीमा ५ जना संगीत शिक्षक हुनुहुन्छ।

सिटीईभिटीसँग पनि सहकार्यका लागि कुरा चलिरहेको सञ्चालकको खड्काको भनाइ छ। अगामी दिनमा डान्स एकेडेमी र त्यहाँ सिक्नेहरुको सहजताका लागि रेकर्डिङ स्टुडियो खोल्ने योजना रहेको पनि उहाँले जानकारी दिनुभयो। आफू संगीत पढेर लामो समयदेखि यसै क्षेत्रमा अध्यापन गरिरहेकोले एकेडेमी सञ्चालन गर्न सजिलो हुने र विद्यार्थीहरुलाई यसप्रति आकर्षित गर्न सकिने सञ्चालक खड्काको विश्वास छ। एकेडेमीका मादल प्रशिक्षक प्रलय चौलागाईले यसबाट रियालिटी सो लगायतका उत्कृष्ट कार्यक्रमहरु सञ्चालन गर्न सकिने र जीविकोपार्जन गर्न सकिने बताउनुभयो।

# ज्ञानदा माविमा अंग्रेजी माध्यममा पठनपाठन हुने



समाज संवाददाता

हेटौँडा: हेटौँडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८३ बाट कक्षा ८ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने तयारी गरेको छ। बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै विद्यालयले अंग्रेजी माध्यम सञ्चालनबारे जानकारी दिएको हो।

हाल विद्यालयमा ३ सय ३५ जना विद्यार्थीहरु अध्ययनरत रहेको जानकारी दिँदै यसअघि कक्षा ५ सम्म अंग्रेजी माध्यममा पठनपाठन गरिरहेकोमा यसै शैक्षिक सत्रबाट कक्षा ६ देखि ८ सम्म अंग्रेजी माध्यम थप गरिएको विद्यालयका प्रधानाध्यापक विनोदकुमार गुप्ताले जानकारी दिनुभयो । विद्यालयमा हाल मावि तहमा ५ जना, निमावि तहमा १ जना, प्राथमिक तहमा ६ जना र बालविकास सहजकर्ता २ जना कार्यरत रहेकोसमेत कार्यक्रममा जनाइएको छ । प्रधानाध्यापक गुप्ताले सामाजिकरुपमा स्थापित पूर्वविद्यार्थीहरुको उदाहरण दिँदै विद्यालयलाई विभिन्न समस्याका कारण शैक्षिक गुणस्तर प्राप्त गर्न सकस भइरहेको बताउनुभयो।

विसं २०२८ सालमा व्यक्तिको निजी घरमा स्थापित यस विद्यालयको अहिले पनि आफ्नै जमिन छैन । २०३५ सालदेखि नै भुटनदेवी मन्दिरको जग्गामा भवन स्थापित गरी पठनपाठन गरिरहेको जनाइएको छ । २०५२ सालदेखि मावि तह सञ्चालन भएको यस विद्यालयको नयाँ भवन निर्माणमा सुस्तता आएपछि विद्यालयले झनै समस्या खेपिरहेको प्रधानाध्यापक गुप्ताको भनाइ छ । विद्यालयले हालसम्म प्राप्त गरेको प्रगतिबारे जानकारी दिँदै एसईईलक्षित अतिरिक्त तथा कमान्डो कक्षासमेत सञ्चालनमा ल्याएको जानकारी दिनुभयो।

विद्यालय सुधारका लागि पूर्वविद्यार्थी एल्मुनाइ तथा पूर्वशिक्षक एल्मुनाइ पुनर्गठन गर्दै सक्रिय बनाउने योजना रहेको प्रधानाध्यापक गुप्ताले जानकारी दिनुभयो । निर्माणाधीन भवनको निर्माण अविलम्ब सम्पन्न गर्न लगाई अंग्रेजी माध्यमका कक्षाहरु नयाँ भवनबाट सुरु गरिने र नयाँ शैक्षिक सत्रबाट विद्यार्थीका लागि यातायातको व्यवस्था गर्ने उहाँले बताउनुभयो । कमजोर विद्यार्थीहरुको लागि अतिरिक्त कक्षाको सुरुवात गर्ने योजना बनाएको विद्यालयले गणित, विज्ञान र कम्प्युटर ल्याबलाई अपग्रेड गरी सामाजिक ल्याबको सुरुवात गरिने प्रधानाध्यापक गुप्ताले जानकारी दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका ज्येष्ठ सदस्य रुद्रबहादुर हाडाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा हेटौँडा १० नम्बर वडा अध्यक्ष फुर्वादोर्जे लामाले वडा कार्यालय तथा उपमहानगरपालिकासमेतले विद्यालयमा क्रमिक सुधार गरी आगामी ५ वर्षमा नमुना विद्यालय बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# मकवानपुर क्याम्पसमा कक्षा-११ को वार्षिक परीक्षा जेठ ११ देखि

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा ११ को वार्षिक परीक्षाको तालिका सार्वजनिक गरेको छ। शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ नियमिततर्फ अध्ययनरत सम्पूर्ण समूहका विद्यार्थीहरुका लागि क्याम्पसले बुधबार परीक्षा तालिका सार्वजनिक गरेको हो।

परीक्षा आगामी जेठ ११ गतेदेखि सुरु भई जेठ २२ गते सम्पन्न हुनेछ। परीक्षा बिहान ७ बजेदेखि १० बजेसम्म सञ्चालन हुनेछ । मकवानपुर जिल्लाकै अग्रणी शैक्षिक संस्थाको रुपमा रहेको मकवानपुर बहुमुखी क्याम्पसमा हाल शिक्षाशास्त्र संकाय, मानविकी संकाय र व्यवस्थापन संकाय र विज्ञान संकायको पठनपाठन हुँदै आएको छ। कक्षा ११ मा हाल १ हजार ४ जना विद्यार्थी अध्ययनरत रहेको क्याम्पसका सहायक क्याम्पस प्रमुख संगम चौलागाईले जानकारी दिनुभयो।

क्याम्पसमा अहिले कक्षा ११ को प्रयोगात्मक परीक्षा चलिरहेको छ । सहायक क्याम्पस प्रमुख चौलागाईंका अनुसार प्रयोगात्मक परीक्षा अर्को हप्तासम्म सञ्चालन हुने र त्यसपछि विद्यार्थीहरुलाई वार्षिक परीक्षा तयारीका लागि विदा दिइनेछ। परीक्षा सकिएपछि जेठ महिनाभित्रै वा असारको पहिलो हप्तामै नतिजा प्रकाशन गर्ने तयारी रहेको उहाँको भनाइ छ। असार १५ गतेदेखि कक्षा १२ को नयाँ कक्षा सुरु हुनेछ।

# अटोको ठक्करबाट हरिमाया घाइते

समाज संवाददाता

हेटौँडा : अटोले पैदलयात्रीलाई ठक्कर दिँदा एक जना घाइते भएका छन् । अटोको ठक्करबाट मनहरी-१, हाँडीखोलाकी ७७ वर्षीया हरिमाया मैनाली गम्भीर घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बुधबार दिउँसो २ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१०, नारायाणी मल नजिक बाटो काट्ने क्रममा हरिमायालाई अटोले ठक्कर दिएको थियो । कर्राबाट बुद्धचोकतर्फ जाँदै गरेको ना २ ह २१८९ नम्बरको अटोले ठक्कर दिएको प्रहरीले जनाएको छ।

अटो र अटोचालक हेटौँडा-४ निवासी ४६ वर्षीय सुदीप वाइबा जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा रहेको छ । घाइते हरिमायाको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ।

# चितवन र सिन्धुलीमा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : सवारी दुर्घटनामा परेर चितवन र सिन्धुलीमा दुई जनाको मृत्यु भएको छ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका अनुसार बुधबार चितवनको कालिका नगरपालिका-८, न्युरेनीमा अटोबाट लडेर एक जनाको मृत्यु भएको छ। कालिका नगरपालिकाको ८ नम्बर वडा कार्यालयबाट जुटपानीतर्फ जाँदै गरेको ना २ ह २२३७ नम्बरको अटोबाट लडेर कालिका-९, शक्तिखोरकी ५५ वर्षीय फुलमाया परियारको मृत्यु भएको हो। परियार अटोबाट आर्लिने क्रममा लडेर घाइते भएकी थिइन् । भरतपुर सरकारी अस्पतालमा उपचारको क्रममा दिउँसो १ बजेर २० मिनेटको समयमा उपचारको क्रममा फुलमायाको मृत्यु भएको प्रहरीले जनाएको छ। अटो र अटोचालक प्रहरीको नियन्त्रणमा रहेको छ।

यस्तै, सिन्धुलीको कमलामाई नगरपालिका-४, ढुग्रेबासमा सवारी दुर्घटनामा घाइते भएका एक जनाको उपचारको क्रममा मृत्यु भएको छ। बुधबार बिहान वीरेन्द्र अस्पताल छाउनीमा उपचारको क्रममा कमलामाई-६, लक्ष्मणचोकका ४० वर्षीय जित बहादुर स्याङ्वोको मृत्यु भएको हो। प्रहरीका अनुसार गत चैत २५ गते कमलामाई-४ स्थित विपी राजमार्गमा चियाबारीबाट ढुंग्रेबासको ग्यारेजतर्फ जानका लागि मोड्दै गरेको बा ४ ख ९५७७ नम्बरको ट्रक र विपरित दिशाबाट आउँदै गरेको ज ३ प ७४९० नम्बरको मोटरसाइकल एकआपसमा ठेक्किँदा दुर्घटना भएको थियो । दुर्घटनामा परेर स्याङ्वो घाइते भएका थिए।


सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

The Voice of Community



## कम्पनीको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री शिक्षा सुत्र एजुकेशनल कन्सल्टेन्सी एण्ड ट्रेडिङ प्रा.लि. (दर्ता नं. २१६०६२/७५/७६) को साविक नाम परिवर्तन भई अब २०८२/१२/१९ गतेदेखि श्री सम्पन्न मिराई एजुकेशन ट्रेनिङ्ग प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

**श्री सम्पन्न मिराई एजुकेशन ट्रेनिङ्ग प्रा.लि.**



## डढेँलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नेपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेँलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**



## लोकतन्त्र दिवस, २०८३

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य–मान्यता संरक्षणमा योगदान दिऔं ।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ